# संघीय संसद
# राष्ट्रिय सभा
# अठारौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १७ भदौ २०८२
# मङ्गलबार
# बैठक सङ्ख्या- ४४

राष्ट्रिय सभाको आजको बैठक सम्मानीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १७:४९ बजे प्रारम्भ भयो।

(१७:४९ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कार्यवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, अब माननीय संघीय मामिला तथा सामाननीय प्रशासन मन्त्री भगवती न्यौपानेलाई विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० माथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१७:५० बजे) माननीय संघीय मामिला तथा सामाननीय प्रशासन मन्त्री श्री भगवती न्यौपानेः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित

प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० माथि छलफल गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१७:५० बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्यहरू, अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोस्।

-*“हुन्छ”*

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन।

तसर्थ, विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० माथि छलफल प्रारम्भ हुन्छ। छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक विषयमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउँछु।उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरुले आ-आफ्नो नाम २ मिनेट भित्र उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छ। सर्वप्रथम माननीय सदस्य कृष्णबहादुर रोकाय।

(१७:५२ बजे) <u>माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काङ्ग्रेस)</u>ः- सम्माननीय अध्यक्षज्यू, आज बहुप्रतिक्षित र बहुचर्चित संघीय निजामती सेवा विधेयक, २०८० सम्बन्धी प्रतिवेदन विधायन समितिबाट सर्वसम्मत रूपमा पारित गरेर यो सम्मानित सदनमा पेश भएको छ र हामी यस विषयमा

छलफल गरिरहेका छौं र यो विधेयकलाई अत्यन्त चासोको साथ हेरिएको थियो र यसबारेमा प्रतिनिधि सभाबाट आउँदै पारित भएर आउँदाखेरि एउटा जटिल विषय बनेर आयो र यसलाई राष्ट्रिय सभामा गइसकेपछि यहाँ के हुन्छ भन्ने खालको एउटा सबैको चासो थियो र यो विधेयकले राष्ट्रिय सभाको यो विधेयक पारित गर्दैगर्दा राष्ट्रियसभाको गरिमा र यसको महत्वलाई बढाएको छ र यो गरिमालाई बढाउन र यसलाई चाहियो अस्तित्वकै यसको जुन महत्वलाई बढाउने काम गरेको छ यसको निम्ति यो गरिमालाई बढाउने भूमिका खासगरी सरकारले अत्यन्त जिम्मेवारीपूर्वक विधायन समितिमा प्रस्तुत हुँदा सरकार अत्यन्त जिम्मेवारीपूर्ण प्रस्तुत भएको संयमतापूर्वक प्रस्तुत भएको छ र संघीय मामिला मन्त्री जो यो मन्त्रालय सम्बन्धित मन्त्रीज्यू पनि अत्यन्त सकारात्मक हिसाबले प्रस्तुत भएर र यो विधेयकलाई पारित गराउनमा धेरै ठूलो भूमिका उहाँले खेल्नुभएको छ। यसको निम्ति म माननीय मन्त्रीलाई म धेरै धेरै धन्यवाद दिन चाहन्छु र सँगसँगै यो विधेयकलाई एउटा निष्कर्षमा पुऱ्याउन निम्ति एउटा सर्वसम्मत रुपमा निष्कर्षमा पुऱ्याउनको निम्ति यो विधायन समितिको राष्ट्रियसभाको विधायन समितिको सभापतिजीले पनि धेरै ठूलो महत्वपूर्ण भूमिका खेल्नुभएको छ। यसको निम्ति म माननीय स्वभाव जिल्ला पनि म धेरै धेरै धन्यवाद दिन चाहन्छु र सम्माननीय अध्यक्षज्यू, यो विधेयक हामीले राष्ट्रियसभाबाट पारित गर्दैगर्दा यो प्रशासनिक संघीयतालाई कार्यान्वयन गर्न अत्यन्त ठुलो यसले मद्दत पुर्याउनेछ र प्रतिनिधि सभाबाट जुन प्रतिवेदन आएको थियो, त्यो प्रतिवेदनमा २-३ वटा महत्वपूर्ण बुँदाहरुलाई हामीले संशोधन गरेका छन् त्यसमा पनि खास गरि जुन कुलिङ अफ पिरियडलाई चाहिँ त्यहाँबाट एउटा जुन छलछाम गरेर आको थियो त्यसलाई राष्ट्रिय सभामा विधायन समितिमा व्यापक माननीयहरुको बीचमा छलफल गरेर एउटा सर्वसम्मत ढंगले हामीले कुलिङ अफ पिरियडराखेर एउटा इतिहास निर्माण गर्ने काम चाहिँ गरेका छौं। यसको निम्ति म विधायन समितिमा भएका सबै माननीयजीरूलाई पनि म धन्यवाद दिन चाहन्छु र हिजो एउटा खालको म्यासेज बाहिर राष्ट्रियसभाले यसलाई समयमा पारित गर्न सक्दैन। ६० दिनभित्र पारित गर्न सक्दैन। यसको समय सीमा सकियो भनेर जुन खालको बाहिर एउटा खालको एउटा प्रचार आसङ्काहरु भएका थिए, त्यसलाई चिर्न विधायन समिति सफल भएको छ र यसमा फेरि पनि माननीय मन्त्रीजीले जुन खालको भूमिका खेल्नु भो जुन सरकारको तर्फबाट अत्यन्त जिम्मेवारीपूर्ण प्रस्तुत हुनु भयो र यो विधेयकलाई विधायन समितिले जुन सर्वसम्मत बनाउन प्रयास गर्नुभएको छयसको नीति माननीय मन्त्रीलाई र खासगरी सभापतिलाई म फेरी पनि धन्यवाद दिन चाहन्छु। धन्यवाद।

(१७:५५ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य गोपीबहादुर सार्की आह्वामी।

(१७:५५ बजे) मानननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्मानननीय अध्यक्ष महोदय, संघीय निजामती सेवा विधेयक, २०८० सम्बन्धी यो विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित जसरी हामी एउटा निष्कर्षमा पुगेका छौं र आज हामी त्यो सम्बन्धित विषयमा छलफल गरिराखेका छौं। मलाई के लाग्छ भने यो असाध्यै महत्वपूर्ण संविधान जारी भइसकेपछि राजनीतिक हिसाबले संघीय व्यवस्था सफल भयो तर प्रशासनिक र वित्तीय हिसाबले चाहिँ संघीय व्यवस्थामाथि question जन्मी राखेको थियो र त्यो प्रश्नको आज हामी साङ्गोपाङ्गो रुपमा जवाफ दिई राखेका छौं र प्रशासनिक सङ्घीयता शासन अनुकूल प्रशासनिक चाहिँ शासन व्यवस्थालाई पनि व्यवस्थित गर्दै जाने जुन एउटा मूल उद्देश्य थियो र त्यो उद्देश्यमा आज हामी एक हिसाबले सफलतातिर अगाडि बढिराखेका छौं भन्ने मलाई लाग्दछ। म यसको लागि राष्ट्रिय सभा प्रति पनि मान्छेहरुले question त गर्ने गरेका थिएप्रतिनिधिसभाले सच्याउन नसकेको र प्रतिनिधिसभाबाट विवादित ढंगले आएको विषय हामीले राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिमा विधायन व्यवस्थापन समितिको पहलकदमी र त्यहाँ सबै माननीयज्यूहरुको सुझबुझपूर्ण छलफल, बहस र जिम्मेवारीपूर्ण ढंगले जुन ढंगले प्रस्तुत हुनुभयो र मन्त्रीजी ले पनि आफ्नो तर्फाट झैं लाई साझा बनाउने सहमतिको झैं बिचबाट अझै अगाडि बढाउने कुरामा पहलकदमी लिनु यसको लागि जे म विधायन व्यवस्थापन समिति त्यो विधायन व्यवस्थापन समितिमा भूमिका खेल्नुहुने सबै माननीयज्यू र सरकारका मन्त्रीज्युलाई पनि मेरो आफ्नो तर्फबाट र दलको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। मुख्यतः कुलियङ अफ पिरियड तछदै थियोफेरी लास्ट लास्ट तिर गइसकेपछि यो उमेर हदको कुराले गर्दाखेरी यो विधेयक टेबुल हुँदैन कि यो विधेयक निष्क्रिय हुन्छ कि अथवा यो विधेयक चाहिँ पूर्ववत् अवस्थामा जान्छ कि भन्ने विषय पनि बाहिर थियोआशंकाको रुपमातर त्यहाँ असाध्यै मेहनत गरेर यो विषयलाई हल गरिकन अरु थुप्रै विषय छ लाई हल गर्दै यो सामाजिक सुरक्षासँग सम्बन्धित विषय हो र सङ्घीयता कार्यान्वयनलाई प्रभावकारी बनाउने विषय भयो। अब एउटा अझै छुटेको विषयले मलाई के लाग्छ भने त्यहाँ कर्मचारी साथीहरुले जे अफिस आवर भन्दा अगाडि पछाडि चाहिँ जुनखालको बढाउने या अरु कुनै ड्यूटी गर्ने भन्ने विषय पनि त्यहाँ सम्बोधन भएको भए किनभने हाम्रो देशको परिस्थिति अलि फरक छ कर्मचारीले पाउने सेवा सुविधा पर्याप्त छैन र त्यो पाएको सेवा सुविधाले चाहिँ उनीहरुको घरको चुलो राम्रोसँग बलिराख्या छैन। उनीहरुले आफ्नो परिवारलाई व्यवस्थित गर्न सकेका छैनन्। त्यो कुरासँग हामी साह्रै पूर्वाग्रही हुनु जरुरी थिएन। त्यो कुरा पनि सम्बोधन गर्न आउनुपर्थ्यो भन्ने जे विषय छ, त्यो विषय

पनि कुनै बेला समय सन्दर्भमा हल हुँदै जाला मूल रूपमा चाहिँ यो विधेयक आउनु जरुरी थियोआयो। यसको लागि म धन्यवाद ज्ञापन गर्न चाहन्छु।

(१७:५८ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य गोपाल भट्टराई।

(१७:५८ बजे) **माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)ः-** सम्माननीय अध्यक्ष महोदय, आज संघीय निजामती विधेयक यो हामीले पारित गर्न समय पनि पुग्छ कि पुग्दैन जस्तो अवस्थामा थियौं र खास गरेर राष्ट्रिय सभालाई यो समय संविधायनमै व्यवस्था गरेर जसरी आएको छ। ठूलाठूला विधेयकहरु जो विवाद पनि आउने खालका विधेयकहरूलाई पारित गर्नको निम्ति असाध्यै ठुलो मेहनत गर्नु पर्ने अवस्था आयो। सबभन्दा बढी त संशोधनकर्ता माननीयज्यूहरू जसले कन्ट्रिब्युसन गर्नु भयो, यो विधेयकमा आफ्ना संशोधनहरुलाई सामान्य रूपमा त्यहाँ राखेर हामीलाई सुनाएर जान पर्ने जुन अवस्था आयो, त्यसमा चाहिँ धेरै हामीलाई दुख लाग्यो,अप्ठ्यारो लाग्यो तर पनि धेरै मेहनत गरेर हामी कुनै दिन ११ घण्टा कुनै दिन ९ घण्टा सम्म पनि बसेर यो विधेयकलाई टुंगोमा पुर्याउने काम गरेका छौं।विभिन्न कोणबाट छलफल गरेर व्यापक छलफल गरेर यो यत्तिकै संशोधनकर्ता माननीयलाई पठाउँदा पनि हामीले धेरै उहाँहरुका कन्सर्नहरुलाई पनि बुझ्दै त्यसलाई अगाडि बढाउने काममा हामीले चाहिँ मेहनत गऱ्यौं रखास गरेर मन्त्रीज्यू सभापतिज्यू हरुले जसरी चाहिँ कोर्डिनेशन गरेर काम गर्नु हो। यसको निम्ति म पनि धन्यवाद भन्न चाहन्छु र सबै माननीयज्यूहरु जसले चाहिँ यो विधेयकलाई यो ठाउँमा ल्याउन सहयोग पुर्याउनु भो उहाँहरु सबैलाई धन्यवाद व्यक्त गर्दै खास गरेर यो संघीयता कार्यान्वयनको निम्ति यो निजामती विधेयक असाध्यै आवश्यक थियो। अरु धेरै विधेयकहरु अझै आवश्यक छन्। ती विधेयकहरुलाई पनि अब हामीले टुंगोमा पुर्याउनुपर्छ। सङ्घीयता कार्यान्वयनको पाटोमा हामीले चाहिँ अब योगदान गर्नुपर्छ।अझै योगदान गर्नुपर्ने धेरै कामहरु छन्। त्यसमध्ये एउटा महत्वपूर्ण काम हामीले आज सम्पन्न गरेका छौं भन्ने मलाई लाग्छ। यो विधेयक यही रूपमा सबै माननीयहरूले यसलाई सहज रुपमा लिएर यसमा नपुगेका कुराहरुलाई भोलि फेरि पनि संशोधन गर्दै जाउँला। यही कुरा राखेर यो विधेयक सर्वसम्मतरूपमा पारित गरौं भन्ने भनाइका साथ मेरा भनाई यहिँ अन्त्य गर्छु, धन्यवाद।

(१८:०१ बजे) **<u>सम्माननीय अध्यक्षः-</u>** माननीय सदस्य मायाप्रसाद शर्मा.

(१८:०१ बजे) **<u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-</u>** सम्माननीय अध्यक्ष महोदय, विभिन्न उतार चढाव आरोह परोर पार गर्दै यो संघीय निजामती विधेयक ऐनमा परिणत हुने स्थितिमा पुगेको छ।यसका लागि मन्त्रीज्यू, सभापतिज्यू, समितिका सदस्यज्यूहरु, माननीयज्यूहरु, यो संशोधनकर्ता माननीयज्यूहरु सबैलाई धन्यवाद दिन चाहन्छु। यसले विशेष गरेर ४/५ वटा कुरालाई बोकेको छ। यो संघीयतालाई पूर्णरुपले अधिकार सम्पन्न गर्न नसके पनि केही कुराहरु केही कुराहरू समेट्न र यसले एउटा बाटो खोलेको छ। कुलिङ पिरियडयलाई निश्चित गरेको छ जो एकदम सभापतिको पनि बलिदान भएको थियो। यसले उद्धार गरेको छ।कर्मचारीहरुको उमेर ५८ अनुसार ६० बनाएर निश्चित गरेको छ। यसले एउटा जो यो धेरै समय यसले पनि खाने काम गरेको थियो र के हुन्छ राष्ट्रियसभामा भन्ने उत्सुकता, कौतूहलता र आशंका र विश्वास छ केही झिल्काहरू थिए। यसलाई पूरा गरेको छ। तल्लो स्तरका कर्मचारीहरुको अधिकार सुनिश्चित गरेको छ र खुला प्रतिस्पर्धाबाट आउने कुरालाई निश्चित गरेको छ। अतिरिक्त सचिवको व्यवस्थापन जो पञ्चायतकालमा थियो।बहुदल पछि हटाइएको थियो मलाई फेरि कताबाट ल्याइएको थियो। यसलाई पनि हटाउने काम गरेको छ र अर्को तल्लो स्तरका कर्मचारीहरु १० देखि ५ जो कर्मचारी कामको समयमा पढाउनु भन्दा बाहिर पढाउने व्यवस्थापनको विषयमा पास भएको छ भनेर भन्दै आएको थियो।यहाँ आउँदाखेरि त्यो कुरा समेटिएन, आएको छैन भनेर भन्ने कुरा सुन्नमा आएको थियो। यसले चुहावट रोक्नुपर्छ,अनियमितता रोक्नुपर्छ, भ्रष्टाचार रोक्नुपर्छ र ढिलासुस्तीलाई रोक्नु पर्छ तर अतिरिक्त समयमा आफ्नो विवेक प्रयोग गरेर खान पाउने अधिकारलाई कुण्ठित गर्नु हुन्न। त्यो अधिकारलाई एउटा प्याचअप गर्नुहुन्न यो कुरामा सायद त्यति धेरै एउटा राम्रो सन्देश जाने स्थिति देखिदैन किनभने यो पास भएको थियो भनेर भनिएको छ। बीचमा अड्किएको छ भनेर भन्ने कुरा आएको छ। यो त्यति धेरै राम्रो भएन जस्तो लाग्छ। समग्रमा हेर्दाखेरि जो संविधान अनुसारको नीति, नीतिअनुसारको कानुन बनाउने कुरा प्रावधान जो हुन्छ यसलाई एऊटा संविधान अनुसार एकदम आवश्यक हुने यो निजामती ऐन संघीय निजामती ऐनको आवश्यकता थियो।यसलाई पूरा गरेको छ र धेरै कुराहरुलाई सहमतिमा लिन मद्दत गरेको छ। राष्ट्रियसभाको पहुँच, आवश्यकता र यसको मूल्यांकन नयाँ ढंगले गणना र यसलाई स्थापित गर्नका निमित्त विशेष पहल गरेको छ। यति कुरा राख्छु। धन्यवाद, लालसलाम।

(१८:०४ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य राधेश्याम पासवान।

(१८:०४ बजे) **माननीय श्री राधेश्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)ः-** सम्माननीय अध्यक्ष महोदय, संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०८० विधायन समितिमा व्यापक छलफल गरी सभामा पेश भएको छ। यसमा १५ वटा बैठकहरू बस्यो र यो बैठकमा तपाईंको ८ बजेदेखि ८ बजे रातीसम्म पनि छलफल भयो।शनिबारको दिन पनि छलफल भयो। यस कारणले हाम्रा राष्ट्रिय सभाका विधायन समितिका अध्यक्ष र सभापति र मन्त्रीजीलाई पनि संघीय मन्त्रीजीलाई पनि धेरै धेरै धन्यवाद दिन चाहन्छु कि यसमा धेरै मेहनत गर्नु भयो। केही विषयवस्तुहरू उठेको थियो। त्यो विषयवस्तुमा छलफल नहुँदा नहुँदै पनि छलफलहरू भयो र छलफल गरेर अगाडि बढ्यो र आज हामी छलफल गरिरहेका छौं। केही विषयहरू तपाईंको प्रतिनिधि सभाबाट नै यो विधेयक अध्यक्ष महोदय, चलखेल हुँदै राष्ट्रिय सभा सम्म पनि चलखेल भयो। यहाँसम्म आउँदा पनि चलखेल भएको छ। यस कारणले यो हाम्रो दफा ८२ को ३ को उपदफा २ मा तपाईंको यो लोक सेवा आयोग वा सार्वजनिक निकायबाट पदपुर्तिका लागि लिइने प्रतियोगात्मक परीक्षाको तयारीको लागि निजामती कर्मचारीहरू प्रशिक्षण कार्यक्रम अफिस समय बाहेक गर्नुपर्ने हाम्रो सहमति भाको थियोविधायन समितिमा तर यहाँ आउँदाखेरि प्रतिवेदनबाट हटाइएको छ। यो किन हटाएको छ? के कारणले हटायो? यो त Same तपाईंको कुलिङ पिरियड जस्तै प्रतिनिसभा जस्तै यहाँ पनि गऱ्यो। जब कि कर्मचारीहरू निजामतीका कर्मचारीहरू आफ्नो अफिस टाइम बाहेक काम गर्न त पाउँछ नि। किन यदि तपाईंको गलत गऱ्यो भने त्यसको लागि नियम कानुन र कारबाही गर्न सकिन्छ तर तपाईंको फ्री टाइममा काम गर्ने अधिकार किन सहमति हुँदाहुँदै पनि यहाँ सम्म आउँदा हटायो? यो एकदम मेरो गम्भिर आपत्ति छ र यो गम्भीर त्रुटी गरेको छ. अर्को हामीले दफा ४ को ५८ को दफा ४संघीय निजामती सेवा वा अन्य सरकारी सेवाका राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणीका पदबाट राजीनामा दिएका वा अवकास भएका कर्मचारीले राजीनामा स्वीकृत भएको वा सेवाबाट अवकाश भएको मितिले २ वर्ष अवधि पूरा नभएको कुनै पनि संवैधानिक र कूटनीतिक वा अन्य सरकारी पदहरूमा नियुक्ति पाउने छैन किनभने यो व्यवस्था तपाईंको प्रतिनिधिसभाले बाहेक राखेको थियो।अधिकार दिएको थियो हाम्रो राष्ट्रिय सभाको विधायन समितिले अहिले हटाइएको छ अध्यक्ष महोयदय। अर्को हाम्रो नायव सुब्बामा तपाईंको नायब सुब्बामा खुला सिस्टम राखिएको थिएन। अन्तरसम्बन्ध राखिएको थिएन। प्रतिनिधि सभाले पनि राखिएको थिएन।

हाम्रो विधायन समितिले खुल्ला १० प्रतिशत, अन्तरतह र ८० प्रतिशत बढुवा हामीले गरेका छौं। अर्को कुरा एघारौं तहमा पनि हामीले १० प्रतिशत खुला, दशौं अन्तरसम्बन्ध र ८० प्रतिशत बढुवा गरेका छौ। धन्यवाद।

(१८:०७ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य पदम बहादुर परियार।

(१८:०८ बजे) **माननीय श्री पदम बहादुर परियार (नेपाली काङ्ग्रेस)** :- सम्माननीय अध्यक्ष महोदय, सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा हामी छलफल गरिरहेका छौं। खासगरिकन यो ब्युरोक्रेसी सरकार चलाउने र स्थायी संयन्त्र जसलाई अलिकति समय सापेक्ष बनाउनु आवश्यक थियो। जसमा अलिकति सीप, ज्ञान भएका नयाँ मानव स्रोतलाई निजामती सेवामा प्रवेश गर्नको लागि आकर्षण दिनुपर्ने थियो। त्यो सन्दर्भमा विधेयक र प्रतिनिधिसभाबाट आएका प्रतिवेदनहरूले कहिँ कतै छेकबार लगाएको अवरोधहरू पुर्याएको सन्दर्भमा राष्ट्रियसभाको विधायन समितिले हामीले यसलाई संशोधन राखेर विधायन समितिले छलफल गरेर यसलाई अझै समृद्ध बनाएर लिएर आएको छौं। सबैभन्दा राम्रो पक्षमा सुब्बाहरूको सन्दर्भमा जतिखेर व्यक्तिहरू पढेर भर्खर सेवामा प्रवेश गर्ने बेलामा पुगेका हुन्छन् र त्यही बेलामा नै सेवा प्रवेश गर्न नपाउने गरी गर्न यस्तो खालको व्यवस्थाहरु चाहिँ जुन आएको थियो, त्यसलाई पनि सुधार गरेर राष्ट्रिय सभाले असाध्यै राम्रो काम गरेको जस्तो मलाई लाग्दछ। खास गरी कुनै एउटा विषयचाहिँ सम्माननीय अध्यक्ष महोदय, यो प्रतिवेदनको बुँदा १० मा चाहि १० को ३ नम्बरमा यो तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिहरुको बीचमा मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रतिस्पर्धात्मक परीक्षाद्वारा भन्ने शब्दहरूलाई खास प्रकृतिका अपांगता भएका व्यक्तिहरुले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रतियोगितात्मक परीक्षाद्वारा भन्ने शब्दहरूबाट रिप्लेस गरिएको छ। यसको अर्थ अहिले फरक लाग्छ। यो प्रतिस्पर्धा गर्न पाउने गरी तोक्ने कसले हो? यो अलिकति स्पष्ट नभएको जस्तो पनि देखिन्छ। तसर्थ यसमा अलिकति अघि माननीय मन्त्रीज्यूको सम्बोधनका सन्दर्भमा चाहिँ यसमा अलिकति स्पष्टता पनि आओस् भन्ने म चाहन्छु र समग्रमा यो विधेयकलाई राष्ट्रियसभाले असाध्यै समृद्ध बनाउने कुरामा धेरै भूमिकाहरु खेलेको छ र माननीय मन्त्रीजीले पनि असाध्यै लचक भएर यसमा प्रस्तुत

भइदिनु भएकोमा माननीय मन्त्रीज्यू समितिका सम्पुर्ण सदस् ज्युहरुलाई धन्यवाद पनि दिन चाहन्छु। यी विधेयकलाई यो ऐनलाई अब हामीले पारित गर्ने चरणमा लैजानुपर्छ। धन्यवाद।

(१८:१० बजे) <u>सम्माननीय अध्यक्षः-</u> माननीय सदस्य विष्णुबहादुर बिश्वकर्मा।

(१८:१० बजे) <u>माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>ः- समाननीय अध्यक्ष महोदय, निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ को प्रतिवेदन आज राष्ट्रिय सभामा प्रस्तुत भएको छ। विशेषगरिकन महान जनयुद्ध र ऐतिहासिक जनआन्दोलनको भीषण संघर्षबाट एकात्मक राजतन्त्रात्मक संसदीय व्यवस्थाको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको १० बर्ष .......गरेका छौं। कार्यान्वयनको ८ वर्षे अवधिमा पुगेका छौं। हाम्रो देशले अभ्यास नै नगरेको संघीय लोकतान्त्रिक गणतन्त्र नेपाली मौलिकताको नयाँ व्यवस्थामा छौं। यसले एकात्मक व्यवस्थाको जरो उखेलेको छ। विधायन व्यवस्थापन समिति आज धन्यवादको पात्र भनेको छ। उपसचिवलाई १० पर्सेन्ट खुला प्रतिस्पर्धा गर्न पाउने निर्णय गरेको छ। अधिकृत पाँचौं तह नासुलाई १० पर्सेन्ट खुला प्रतिस्पर्धा गर्न पाउने निर्णय गरेको छ। कुलिङ पिरियड २ वर्षे निर्णय गरेको छ र अयोग्यता सम्बन्धी ३ ठाउँमा बहुविवाह, जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव सम्बन्धी कसूरमा सजाय पाएको भनेर राखिएको छ। म माननीय मन्त्रीज्यू लाई र समितिलाई म धन्यवाद दिन चाहन्छु। अर्कोतिर विडम्बना भनौं राष्ट्रियसभाले सभामा रहेको एकमात्र ऐन नीति निर्माण गर्ने अधिकार प्राप्त विधायन व्यवस्थापन समितिलाई सर्वत्र चासोको बिषय बनेको संघीय निजामती सेवा विधेयक माथिको छलफल गर्नबाट संशोधनकर्ता विधायकलाई निश्चित गरियो किन? यस्तै नजिर बन्दै जाने हो भने अर्को खतरा पैदा गर्न सक्ने संकेत हो। यसलाई समयमै ध्यान दिन पर्ने देखिन्छ। यो विधेयक सर्वसम्मत र राष्ट्रियसभाको बौद्धिकता प्रमाणित गरेको छ र यो बौद्धिकता प्रमाणित गरेकोमा मन्त्रीज्यू र समितिलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु र मेरो भनाइ अन्त्य गर्दछु। धन्यवाद, लालसलाम।

(१८:१३ बजे) <u>सम्माननीय अध्यक्षः-</u> माननीय सदस्य रेनु चन्द।

(१८:१३ बजे) **मानननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, समितिबाट आउँदाआउँदै बाटैमा फेरबदल भएर प्रतिनिधिसभाबाट विवादास्पद र संयुक्त ढंगले पास भएर राष्ट्रिय सभामा पुगेको यो विधेयक बहुप्रतिक्षित बहुविवादित विधेयक प्रतिनिधिसभाबाट भाइरस पसेर रुग्ण भएर आएको यो विधेक राष्ट्रियसभाले शल्यक्रिया गरेर निको पारेकोमा राष्ट्रियसभा अध्यक्ष, माननीय सदस्यहरु, विधायन समितिका सदस्यहरु, संशोधनकर्ता माननीय सबैमा म यसलाई सच्याएर ल्याएकोमा यसको शल्यक्रिया गरेर निको पारेर ल्याएकोमा धन्यवाद दिन चाहन्छु। नेपालको संसदीय इतिहासमा यो विधेयक विशिष्ट रूपले स्मरणीय रहनेछ।यो विधेयकको यात्रा प्रारम्भ हुँदा कर्मचारी र संसद् र सांसद र सिंगो संसदीय प्रक्रियालाई दाग ...... बनाएको थियो।यो दाग पखाल्नमा राष्ट्रिय सभा सफल भएको छ। यद्यपि सभाबाट समितिसम्म र समितिबाट पुनः सभासम्म यसको यात्रामा थुप्रै कुरा घुसाउन खोजिएको देखियो।चलखेल भएको पनि देखियो। सर्वसम्मत विषयमा पनि पुन षडयन्त्र र छलछामको गतिविधि रोकिएनन्। सारा षडयन्त्र चिरेर यो विधेयक एक निष्कर्षमा पुगेको छ। यद्यपि संघीयता बलियो बनाउन अझ काम बाँकी छन् र काम गरिराख्नु पर्ने स्थिति छ। यो विधेयकमार्फत प्रशासनिक संघीयतामा सहजता आउने विश्वास व्यक्त गर्दछु।धन्यवाद।

(१८:१४ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० माथि छलफल गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।माननीय सदस्यहरू, अब माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भगवती न्यौपानेलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१८:१५ बजे) **माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री भगवती न्यौपानेः-** सम्माननीय अध्यक्षज्यू, आज हामी संघीय निजामती सेवा विधेयक, २०८० माथि आज राष्ट्रियसभाबाट पारित गर्ने अवस्थामा हामी छौं र यो विधेयकमाथि माननीयज्यूहरुले आफ्ना धारणा प्रस्तुत गर्नुभएको छ। छलफलमा भाग लिनु भएको छ। ८ जना माननीयज्युहरुले छलफलमा भाग लिनु भएको छ। माननीयज्यूहरुले राख्नुभएका बिचारहरु, छलफलका क्रममा राख्नुभएका सुझावहरू धेरै महत्त्वपूर्ण छन्। म

छलफलमा भागलिनु हुने सबै माननीय ज्यूहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। यो विधेयकको महत्वको बारेमा माननीयज्यूहरूले कुरा राखी सक्नु भयो। यो विधेयक बहुप्रतिक्षित बिधेयकको रूपमा रहेको छ।आज सबैको चासो छ। सबैको ध्यान गएको छ। निकै चर्चित बनेको छ यो विधेयक। राष्ट्रियसभाले विधेयकलाई कसरी टुङ्ग्याउँछ भनेर हेरिएको थियो। प्रतिनिधिसभामा जसरी लामो समयसम्म राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल भयो। छलफल भइसके पछाडि जब अन्तिममा जुन खालको दुःखद घटना घटयो र राष्ट्रियसभामा आइसक्दा खेरी धेरैलाई लागेको थियो राष्ट्रिय सभामा पनि धेरै विवादित हुन्छ, कुरा मिल्दैन भन्ने चर्चा गरिएको थियो। सहमति हुनै सक्दैन भनेर चर्चा गरिएको थियो तर त्यस्तो भएन। राष्ट्रियसभामा धेरै माननीयज्यूहरूले संशोधन राख्नुभयो। १९३ वटा संशोधन थियो। १६ वटा समूहमा ४२ जना माननीयज्यूहरूले संशोधन राख्नुभएको थियो र हामीले विधायन व्यवस्थापन समितिमा जब छलफल भयो। संशोधनकर्ता सबै माननीयज्यूहरुलाई पनि थाहा छ सबै माननीय ज्यूहरुलाई थाहा छ हामीसँग समयको चाप थियो। १९३ वटा संशोधन थियो।

त्यो संशोधनमाथि छलफल गर्नुपर्ने थियो। समयसीमा आज राती १२ बजेभित्र यहि १७ गते आज भाद्र १७ गते आज १२ बजे भित्र हामीले पारित गरिसक्नुपर्ने थियो।यो छोटो समयमा हामीले ढङ्गले छलफल गरेर विधेयकलाई पारित गर्नुपर्ने थियो। त्यसैले यसपटक संशोधनकर्ता माननीय ज्यहरुलाई पनि एउटा अनुरोध गर्ने काम समितिका माननीयज्यूहरुले समितिका सभापतिज्युले र समितिका माननीयज्यूहरूले एउटा अनुरोध गर्नु भो। तपाईं संशोधनकर्ता माननीय ज्यहरुले आफ्नो संशोधनको बारेमा राख्नुस्। आफुले राखेको संशोधनको बारेमा औचित्यपूर्ण आफ्नो संशोधनको औचित्यको बारेमा राखुस् र पूरै समय चैं छलफलमा हामीलाई समयको अलिकति चाप छ। तपाईंहरूले राखेको संशोधनमा पनि छलफल हुनेछ समितिको बैठकमा भनेर समितिको सभापतिज्यु लगायत समितिका माननीयज्यूहरुले भनिसकेपछि त्यही ढंगले संशोधनकर्ता माननीयज्यूहरुसँग पनि छलफल गरेर त्यसपछि समितिमा रहने माननीयजनहरुको बिचमा मात्रै छलफल भयो। १६ वटा बैठक बस्यो र त्यो बैठक अघि माननीयज्यूहरुले चर्चा गरेजस्तै भनेजस्तै बिहानदेखि साँझसम्म लगातार रुपमा मात्रै बैठक बस्यो, छलफल गरियो छलफल गर्नुको माननीयज्यूहरुले र दफा दफामा अत्यन्तै गहिराई पुरा तरिकाले चाहिँ छलफल भयो प्रत्येक दफामा। हाम्रो राष्ट्रिय सभाको एउटा विशेषता छ संशोधन नपरेको दफामा पनि वाचन हुन्छ र संशोधन नपरेको दफामा पनि माननीय ज्यूहरुलाई केही लाग्यो भने छलफल हुन्छ रसंशोधन पनि आवश्यक पर्यो भने संशोधन पनि गरिन्छ।त्यसरी प्रत्येक दफामा छलफल

भयो र संशोधन गरिएका दफाहरुमा पनि छलफल भयो र जे विषयमा बाहिर चर्चा चलाइएको थियो, जुन कुरा त्यहाँ सहमति हुन सक्दैन, समितिले सहमति नै गर्न सक्दैन भन्ने अड्कलबाजी गरिएको थियोतर त्यस्तो त भएन।

माननीयज्यूअरुले संशोधन राख्नुभएको थियोकुलिङ पिरियडको बारेमा पनि। जसले कुलिङ अफ पिरियड यहाँ राख्नुहुँदैन यो विधेयकमा राख्नु हुँदैन भनेर संशोधन राख्नुभएको थियो।उहाँहरुको तर्क पनि ओजपूर्ण थियो। कुलिङ अफ पिरियड राख्नै हुन्न भनेको होइन तर त्यसलाई सरकारले ल्याउन तयारी गरिरहेको त्यसमा राखौं न त भनेर उहाँहरुले राख्नु भएको थियो तर पनि अन्ततोगत्वा एउटा निस्कर्षमा अत्यन्तै सौहार्दपूर्ण ढंगले अत्यन्तै हार्दिकतापूर्ण ढंगले हामीले सहज रुपमा निष्कर्ष निकाल्यौं। त्यसलाई कुलिङ अफ पिरियडको नै व्यवस्था गरेर जाऔँ भनेर निष्कर्ष निकाल्यो समितिले र त्यसलाई सहज र सर्वसम्मत रुपमा स्वीकार गरेर गइयो। त्यसपछि अरु दफाहरुको बारेमा पनि कतिपय सरकारले केही प्रस्तावहरु राख्यो।माननीयज्यूहरुले समितिका माननीयज्यूहरुले सरकारले राखेको प्रस्तावलाई स्वीकार गर्नु भयो। कतिपय दफामा माननीयज्यूहरुले सरकारले राखेको प्रस्ताव माननीयज्यूहरुले राखेको प्रस्तावलाई सरकारले स्वीकार गर्ने खालको अवस्था पनि बन्यो र केही विषयमा अलि धेरै बहस भयो।अलि धेरै छलफल भयो तर लामो समयसम्म छलफल भएपनि हामी निश्कर्षमा पुग्नु थियो र पुग्यौं। हामीले एउटा अभ्यास गर्दै आएका छौंराष्ट्रिय सभामा माननीयज्यूहरुले भनिने हाल्नु भो। त्यो अभ्यास भनेको हामी सर्वसम्मत रुपमा निर्णय गर्ने गरेका छौं।समितिको बैठकमा हामीले सर्वसम्मत रुपमा निर्णय गर्दै आएका छौं।यद्यपि छलफलका क्रममा समय लामो लिन्छ होला कतिपय सहजरुपमा टुंगिन्छ होला।कतिपय अलि लामो समयसम्म बहस गरिन्छ होला। कतिपय अलि पेचिलो बहस गरिन्छ होला तर निष्कर्षमा पुग्ने गरिएको छ। यो राष्ट्रिय सभाको विशेषता हो।सर्वसम्मत रुपमा पारित गर्ने। त्यसैले त्यो भयो विधायन समितिमा पनि सरकारले केही प्रस्ताव गर्यौं आफ्नातर्फबाट आफूले गरेको प्रस्तावको औचित्य पेश गर्‍यो तर पनि समितिको माननीयज्यूहरुको भावनालाई सम्मान गरेर निष्कर्षमा पुग्योकतिपय विषयहरुमा।

त्यसैले सरकार र समितिको माननीयज्यूहरुको बिचमा अत्यन्तै सौहार्दपूर्ण ढंगले यो विधेयकलाई निष्कर्षमा पुर्याउने काम भयोसमितिबाट र म माननीयजनहरुलाई भन्न चाहन्छु अनुरोध गर्न चाहन्छौं यो विधेयक समितिबाट पारित हुँदैगर्दाखेरी समितिबाट निर्णय नभएका विधेयकहरू प्रतिवेदनमा कुनै पनि आएको छैन।हामीले सबै दफाहरूको छलफललाई सम्झियौं।सबै दफाहरुमा पुगेको निष्कर्षलाई सम्झियौं। सबै दफाहरुमा भएको निर्णयलाई हामीले एकपटक सम्झियौं। कसरीछलफल भयो? कसरी

निर्णयमा पुग्यौं? निर्णयमा नपुगेका विषयहरू समितिको प्रतिवेदनमा आएको छैन। निर्णयमा पुगेका विषयहरू आज प्रतिवेदनमा आएका छन्।यद्यपि छलफल गर्नेक्रममा माननीय ज्यूहरुले खुलेर गर्नुभयो।आफूलाई लागेका कुरा खुलेर राख्नुभयो। अहिले जुन दफाको चर्चा गर्नुभएको छ ती दफामा पनि खुलेरै चर्चा गर्नुभयो र यसका फाइदा बेफाइदा राम्रोसँग छलफल भएर एउटा निश्कर्षमा पुग्यो समिति र त्यसरी पारित भएर आएको छ। यद्यपि राष्ट्रिय सभाले एउटा इतिहास रचेको छ। यति महत्वपूर्ण विधेयक संघीयतालाई कार्यान्वयन गर्नका निम्ति आवश्यक पर्ने महत्वपूर्ण विधेयक प्रशासनिक संघीयता सुदृढ नबनाईकन संघीयता बलियो बन्न सक्दैन।संघीयतालाई एउटा कार्यान्वयन गर्न सकिदैन। संस्थागत गर्न सकिदैन। त्यसैले आवश्यक छ संघीय निजामति सेवा ऐन जारी गर्न आवश्यक छ भनेर धेरै पहिलादेखि बहस भएको हो। धेरै पहिलादेखि छलफल भएको हो। त्यसैले यो विधेयक कुनै पनि हालतमा पारित गरेर जानुपर्छ भनेर एउटा कमिटमेन्टका साथ आज हामी पारित गर्ने चरणमा छौं राष्ट्रिय सभा। विधेयक नहुँदाका समस्याहरू के-के भए भन्ने के-के हुँदा रहेछन् भन्ने कुरा पनि हामी सबैलाई थाहा छ। यो विधेयक पारित नगर्दाखेरी समस्याहरु के छन्? हामीले निकै पुरानो निजामती सेवा ऐन, २०४९ ले गाइड गरेर कर्मचारी संयन्त्र चलिरहेको छ तर आज संघीयतामा गएको पनि यतिका वर्ष भइसक्यो तर संघीयताको मर्म अनुसार कर्मचारीको व्यवस्थापन हुन सकिरहेको थिएन। त्यसैले जरुरी थियो संघीयताको मर्म अनुसार कर्मचारीको व्यवस्थापन गर्न आवश्यक थियो। सुशासन मुख्य संयन्त्र निजामती सेवालाई सुशासनमुखी संयन्त्रका रुपमा विकास गर्न आवश्यक त थियो। त्यसैले यो विधेयक अपरिहार्य थियो।यो विधेयक नआउँदा खेरि के-के समस्याहरु भइरहेका थिए भन्दाखेरि कर्मचारी व्यवस्थापनमा असहजता भएको थियो।यो विधेयक नआउँदा खेरी सेवा प्रवाहमा ढिलासुस्ती भएको थियो। विधेयक नआउँदा सरुवा बढुवा तथा सेवा सुविधामा अन्योलता सिर्जना भएको थियो। यी सबै अन्यौलताहरुलाई यो विधेयक पारित भइसके पछि ऐन जारी भइसके पछाडि सबै कुराहरुलाई हल गर्ने परिस्थिति बन्छ। त्यसैले यो विधेयक त्यति आवश्यक विधेयक हो। केही विधेयकहरू त्यस्ता छन् जो सङ्घीयतालाई कार्यान्वयन गर्न ल्याउनैपर्ने विधेयकहरू छन् र त्यो आज यो संघीय निजामती सेवा विधेयक ल्याउनै पर्ने विधेयक थियो। यो विधेयक आयो मात्रै होइन आज राष्ट्रियसभाले त्यसलाई पारित गर्दैछ। केही दिनमा प्रतिनिधि सभाबाट पारित हुनेछ। त्यसपछि राष्ट्रपतिबाट प्रमाणीकरण भएर ऐनको रूपमा लागू हुँदै गर्दाखेरी धेरै अन्यौलता हटेर जान्छन्।

कर्मचारीको पनि आत्मबल नबडाइकन कर्मचारीहरूलाई राष्ट्र सेवामा समर्पित गराउन सकिँदैन। राज्यका पोलिसीलाई कार्यान्वयन गर्नका निम्ति कर्मचारीहरुको अहम भूमिका हुन्छ। त्यसैले यो

विधेयकले ती कुरालाई पनि सम्बोधन गरेको छ र कतिपय चाहिँ प्रतिनिधिसभाले पठाएको प्रतिवेदन प्रतिनिधिसभाले सरकारले प्रस्ताव गरेको विधेयकमाथि प्रतिनिधि सभाले छलफल गरेर व्यापक छलफल गरेर ६६वटा बुँदामा संशोधन गरेर पठाएको छ र प्रतिनिधिसभाले पठाएको संशोधनलाई पनि पठाएको प्रतिवेदनलाई पनि राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा फेरि छलफल गरेर त्यसलाई पनि केही आवश्यकता ठानेर माननीयज्यूहरुले त्यसलाई चलाउनु भएको छ। यसलाई पनि केही करेक्सन गर्नुभएकोछ र सरकारले प्रस्ताव गरेको विधेयकलाई पनि माननीयज्यूहरूले व्यापक रूपमा चाहिँ संशोधन गर्नुभएको छ। त्यसैले म अहोरात्र खटेर यो विधेयक पारित गर्नका निम्ति माननीयज्यूहरु खट्नुभो, लाग्नुभो म सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु।विधायन व्यवस्थापन समितिमा रहेर जो अहोरात्र लागि राख्नुभो। यी दुवैका व्यवस्थित बनाउनका निम्ती लागि राख्नुभो सभापतिज्यू लगायत सबै माननीयज्यूहरुलाई म फेरि पनि हृदयदेखि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। र यीछलफलमा भाग लिनुहुने सबै माननीय ज्यूहरुलाई फेरि पनि हार्दिक हार्दिक धन्यवाद व्यक्त गरेर यो विधेयक आज सर्वसम्मत रुपमा पारित गरेर अगाडि बढ्ने छ र सबै माननीयज्यूहरुलाई सर्वसम्मत रुपमा पारित गरौं।यही अनुरोध गरेर विदा हुन्छु।धन्यवाद। अभिवादन।

(१८:२९ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० माथि छलफल गरियोस् भन्ने प्रस्तावमाथिको छलफल नै समाप्त हुन्छ। माननीय सदस्यहरू, अब प्रतिनिधिसभामा सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या १ देखि १०१ सम्म उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस्।

-*"हुन्छ"*

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ, प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या १ देखि १०१ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतले स्वीकृत भएको घोषणा गर्दछु। माननीय सदस्यहरु, अब प्रतिनिधिसभामा सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या १ देखि देखि १०१ सम्म उल्लेखित संशोधनहरू प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोस्।

*“हुन्छ”*

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ, प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या १ देखि १०१ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० को अङ्ग बनेको घोषणा गर्दछु। माननीय सदस्यहरु, अब विधेयकको दफा २ देखि १४७ सम्म प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोस्।

-*“हुन्छ”*

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ, विधेयकको दफा २ देखि १४७ सम्म सर्वसम्मतिले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

प्रस्तावनाः संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धी व्यवस्था गरी योसेवालाई राष्ट्र हित र संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध राजनीतिक रुपमा तटस्थ, पेसागत रुपमा सक्षम, सुदृढ, सेवामूलक, जनउत्तरदायी, समावेशी, पारदर्शी, परिणामुखी, प्रविधिमैत्री र व्यावसायिक बनाउँदै सुशासनयुक्त संयन्त्रको रूपमा विकासका लागि आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले संघीय संसदले यो ऐन बनाएको छ।

<u>दफा १ संक्षिप्त नाम र प्रारम्भः</u>- यो ऐनको नाम संघीय निजामती सेवा ऐन, २०८२ रहेको छ। २ः यो ऐनतुरुन्त प्रारम्भ हुनेछ।

माननीय सदस्यहरु, अब विधेयकको प्रस्तावना र नाम प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस्।

-*"हुन्छ"*

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ, विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० को अङ्ग बनेको घोषणा गर्दछु।

मानननीय सदस्यहरु, अब माननीय संघीय मामिला तथा सामाननीय प्रशासन मन्त्री भगवती न्यौपानेलाई प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० लाई पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१८:३४ बजे) <u>माननीय संघीय मामिला तथा सामाननीय प्रशासन मन्त्री श्री भगवती न्यौपाने:</u> सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० लाई पारित गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१८:३५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरु, अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस्।

-*"हुन्छ"*

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ, प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त संघीय निजामती सेवा विधेयक, २०८० लाई पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल भदौ २३ गते सोमबार अपरान्ह १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८२ साल भदौ २३ गते सोमबार अपराह्न १:१५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो)।

स्थगित: १८:३६ बजे।